आज मिति २०७५ साल भाद्र १७ गते आइतबारका दिन यस गौरीगंज गाउँपालिकाका अध्यक्ष श्री बाबुराजा श्रेष्ठ ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा निम्नानुसार निर्णय गरियो ।

## उपस्थितिहरु

| पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|
| श्री बाबुराजा श्रेष्ठ | अध्यक्ष | |
| श्री दिपिन्द्र थापा | उपाध्यक्ष | |
| श्री कार्तिक लाल राजवंशी | वडा अध्यक्ष, वडा नं. १ | |
| श्री अघनु प्रसाद राजवंशी | वडा अध्यक्ष, वडा नं. २ | |
| श्री मखना महतो | वडा अध्यक्ष, वडा नं. ३ | |
| श्री कुल प्रसाद गिरी | वडा अध्यक्ष, वडा नं. ४ | |
| श्री विजय प्रसाद सिंह | वडा अध्यक्ष, वडा नं. ५ | |
| श्री बद्री नारायण यादव | वडा अध्यक्ष , वडा नं. ६ | |
| श्री रीता तामाङ्ग | कार्यपालिका सदस्य | |
| श्री सरिता शेर्पा | कार्यपालिका सदस्य | सरिता |
| श्री राधा अधिकारी | कार्यपालिका सदस्य | राधा |
| श्री लीला देवी गन्गाई | कार्यपालिका सदस्य | लीला |
| श्री भिम प्रसाद राजवंशी | कार्यपालिका सदस्य | |
| श्री जेठा मुर्मु | कार्यपालिका सदस्य | |
| श्री राज कुमार शाक्य | प्र.प्र.अ., सदस्य सचिव | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

Scanned by CamScanner

**प्रस्ताव नं. १ : सहकारी संस्थाहरुको लेखापरीक्षक इजाजत सम्बन्धमा ।**

निर्णय: यस गाउँपालिकालाई कार्य क्षेत्रभित्र पर्ने बचत तथा ऋण सहकारी संस्था, कृषि सहकारी संस्था लगायत विभिन्न सहकारी संस्थाहरुले आफ्नो वार्षिक आर्थिक कारोबारको लेखापरीक्षणको लागि दर्तावाल लेखापरिक्षक नियुक्तिका लागि छनौट गरी माग गरेमा नियुक्ती दिने भनि सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. २ : **आर्थिक सहायता सम्बन्धमा ।**

निर्णय : यस गाउँपालिकामा स्थायी बसोबास गर्ने तपसिलका व्यक्ति तथा संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउन सम्बन्धित वडा कार्यालयहरुबाट समेत सिफारिस भइ आएको हुदा निम्नानुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो । साथै आगामी दिनमा पेश हुन आएको आर्थिक सहायता माग सम्बन्धमा औषधी उपचारका लागि निवेदन पेश हुन आउदा यस गौरीगंज गाउँपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रबाट रिफर गरेको प्रमाणित कागजात पेश भएपछि मात्र आर्थिक सहायताको लागि आवश्यकता अनुसार निर्णय गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | गौरीगंज १ बस्ने पञ्चमी राजवंशी शारीरिक अपांगता भएको साथै खुट्टा भाचिएकोले उपचारको क्रममा रहेको र आर्थिक अवस्था कमजोर भएकोले उपचारका लागि आर्थिक सहायता उपलव्ध गराउने । | १०,०००।०० |
| २ | गौरीगंज १ बस्ने सिताराम केवटको छोरा चन्द्रशेखर केवट दुई महिना देखि सिकिस्त बिरामी भई आर्थिक अवस्था कमजोर भएकोले औषधोपचारका लागि आर्थिक सहायता उपलव्ध गराउने | १०,०००।०० |
| ३ | गौरीगंज १ स्थित बालकल्याण मा.वि. गौरीगंजमा कार्यरत कमचारी श्री भिम प्रसाद खनालको मृगौला सम्बन्धी रोगको उपचाररत रहेको उक्त उपचारका लागि आर्थिक अवस्था कमजोर भएकोले निजलाई औषधोपचारको लागि आर्थिक सहायता उपलव्ध गराउने । | १०,०००।०० |
| ४ | गौरीगंज १ बस्ने वाङ्ढु राजवंशीको पत्नी समसरी राजवंशीको लडेर देब्रेहात भाचिएको हुदा औषधोपचारका लागि आर्थिक सहयोग उपलव्ध गराउने | १०,०००।०० |
| ५ | गौरीगंज २ बस्ने बालक दासको पत्थरीया भई आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग उपलव्ध गराउने | २५००।०० |
| ६ | गौरीगंज २ बस्ने हरीलाल राजवंशीको श्रीमती जवानी राजवंशीको स्वास्थ्य समस्या भई आर्थिक अवस्था कमजोर भएको कारणले निजलाई औषधोपचारको लागि आर्थिक सहायता उपलव्ध गराउने | १०,०००।०० |
| ७ | गौरीगंज २ बस्ने कार्तिकलाल राजवंशीको श्रीमति रेखा राजवंशीको पाठेघर सम्बन्धी ट्युमरको अप्रेशन गर्नुपर्ने र निजको आर्थिक अवस्था कमजोर भएकोले औषधी उपचारको लागि आर्थिक सहायता उपलव्ध गराउने । | १०,०००।०० |



Scanned by CamScanner

| | | |
|---|---|---|
| ८ | गौरीगंज २ बस्ने परमेश्वर राजवंशीको श्रीमति अन्ना राजवंशी बिरामी भई नोबेल मेडिकल कलेज, विराटनगरमा उपचारत रहेको र निजको आर्थिक अवस्था अनि कमजोर भएकोले निजलाई औषधि उपचारको लागि आर्थिक सहायता उपलब्ध गराउने । | १०,०००।०० |
| ९ | गौरीगंज ३ बस्ने रामु मण्डलको छोरा श्याम सुन्दर मण्डलको पेटमा अल्सर भएको र आर्थिक अवस्था कमजोर भएकोले उपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने । | १०,०००।०० |
| १० | गौरीगंज ३ बस्ने डुफरु लाल राजवंशीको श्रीमति सुमवती राजवंशी बिरामी भई आर्थिक अवस्था कमजोर भएकोले उपचारमा समस्या भएकोले औषधि उपचारको लागि आर्थिक सहायता उपलब्ध गराउने । | ३,०००।०० |
| ११ | गौरीगंज ३ बस्ने बाबुगान अन्सारका आखाको उपचार गर्न आर्थिक अभावका कारण असमर्थ भएकोले आर्थिक सहायता उपलब्ध गराउने । | २०००।०० |
| १२ | गौरीगंज ४ बस्ने श्रवण यादव अचानक विरामी भई उपचार गराउनु पर्ने तर आर्थिक अवस्था अत्यन्त विपन्न भएकोले आर्थिक सहायता उपलब्ध गराउने । | ५०००।०० |
| १३ | गौरीगंज ४ बस्ने लाल बहादुर ताजपुरियाको सासु रन्जो देवी ताजपुरिया आकस्मिक झुण्डिएर अकालमा मृत्यु भएको र मृतकको पोष्टमार्टम र काजकियाको लागि आर्थिक सहायता उपलब्ध गराउने । | ५०००।०० |
| १४ | गौरीगंज ५ बस्ने टुपानु गन्गाईको श्रीमति शुशिला देवी गन्गाईको पाठेघरको अपरेसनका लागि आर्थिक अवस्था कमजोर भएकोले औषधी उपचारको लागि आर्थिक सहायता उपलब्ध गराउने । | ५०००।०० |
| १५ | गौरीगंज ५ बस्ने सुकदेल गन्गाईको छोरा गोपाल प्रसाद सिंहको हात खुट्टा सुनिने र पेटमा समस्या भएकोले औषधि उपचारको लागि आर्थिक सहायता उपलब्ध गराउने । | १००००।०० |
| १६ | गौरीगंज ५ बस्ने खुशीदेवी मल्लाहले आफ्नो घर भत्किएको र आर्थिक अवस्था कमजोर भएकोले उक्त घर निर्माण गर्न नसक्ने भएको आथिक सहायता पाऊ भनि निवेदन दिएकोले निजलाई आर्थिक सहायता उपलब्ध गराउने | ३०००।०० |
| १७ | गौरीगंज ५ बस्ने ढोराइ ऋषिदेवको छोरा भिम ऋषिदेव बिरामी भई नोवेल हस्पिटल बिराटनगरमा औषधोपचार गरी रहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहायता उपलब्ध गराउने | १०,०००।०० |



Scanned by CamScanner

| | | |
|---|---|---|
| १८ | गौरीगंज ५ बस्ने जन्नुलाल राजवंशीको २०७५।५।६ को वर्षादको कारण घर भत्किएको र आर्थिक अवस्था कमजोर भएकोले घर निर्माण मर्मतका लागि आर्थिक सहायता उपलव्ध गराउने । | २५००।०० |
| १९ | गौरीगंज ६ बस्ने मो. समिर मियाको छोरा वर्ष १३ को सोहिल मिया एपेन्डीसाइट सम्बन्धी बिरामी भई आर्थिक अवस्था कमजोर भएकोले उपचारको लागि आर्थिक सहायता उपलव्ध गराउने । | ५०००।०० |
| २० | गौरीगंज ६ बस्ने गुरु प्रसाद माझीको छोरा हरेन्द्र लाल माझी बिरामी भई आर्थिक अवस्था कमजोर भएको हुदा औषधिउपचारको लागि आर्थिक सहायता उपलव्ध गराउने । | ३०००।०० |
| २१ | गौरीगंज ६ बस्ने भट्टे माझीको छोरी वर्ष ३० की देववती कुमारी माझीको टाउकोमा नसा सम्बन्धी बिरामी भई कोशी अस्पतालमा उपचार भई रहेको र आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहायता उपलव्ध गराउने । | १०,०००।०० |

प्रस्ताव नं. ३ : **अन्य आर्थिक सहायता (विविध कार्यक्रम खर्च) तर्फ सम्बन्धमा ।**

निर्णय : यस गाउँपालिकाका विभिन्न वडाहरुमा रहेका मठमन्दिरहरुको पूजा तथा धार्मिक कार्यक्रमहरुका लागि आर्थिक सहायता माग भएकोमा तपसिलमा उल्लेखित संस्था तथा कार्यक्रमहरुका लागि आर्थिक सहायता उपलव्ध गराउने भनि सर्वसम्मत निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | वडा नं. १ का महिलाहरुको तिज कार्यक्रमका लागि आर्थिक सहायता | १००००।०० |
| २ | वडा नं. २ का महिलाहरुको तिज कार्यक्रमका लागि आर्थिक सहायता | १००००।०० |
| ३ | गौरीगंज ३ नेपाल महिलासंघले तिज कार्यक्रम गर्नका लागि आर्थिक सहायता | १५०००।०० |
| ४ | गौरीगंज ४ कदमगाछी नयाँहाटका महिला समुहले तीज विशेष कार्यक्रमका लागि आर्थिक सहायता माग गरे बमोजिम तीज कार्यक्रमका लागि आर्थिक सहायता उपलव्ध गराउने । | १००००।०० |
| ५ | वडा नं. ५ का महिलाहरुको तिज कार्यक्रमका लागि आर्थिक सहायता | १००००।०० |
| ६ | वडा नं. ६ का महिलाहरुको तिज कार्यक्रमका लागि आर्थिक सहायता | १००००।०० |
| ७ | गौरीगंज १ मा जन्मोष्टमी मनाउने कार्यक्रमका लागि आर्थिक सहायता | १००००।०० |
| ८ | गौरीगंज २ बगाहा चौधरीमा कृष्णअष्टमी पुजा कार्यक्रमको लागि आर्थिक सहायता | १००००।०० |



Scanned by CamScanner

| | | |
|---|---|---|
| ९ | गौरीगंज ३ स्थित गौरीगंज दुर्गा मन्दिरमा श्री कृष्ण झुला तथा जन्मष्टमी एंव आनन्त चर्तुदशीका लागि आर्थिक सहायता माग गरिएकोमा उक्त मन्दिरलाई कृष्ण अष्टमीको कार्यक्रम सहयोगका लागि आर्थिक सहायता उपलव्ध गराउने । | ५०००।०० |
| १० | गौरीगंज ४ स्थित राधाकृष्ण मन्दिरलाई कृष्णअष्टमीको पुजा खर्च बापत आर्थिक सहायता | ५०००।०० |
| ११ | गौरीगंज ४ स्थित भवानीपुरमा कृष्ण अष्टमीको पुजा कार्यक्रमको लागि आर्थिक सहायता | ५०००।०० |
| १२ | गौरीगंज ४ लतिभुल्लाका युवा समुहहरुलाई कृष्णअष्टमीको पुजा कार्यक्रमको लागि आर्थिक सहायता | ५०००।०० |
| १३ | गौरीगंज ४ भवानीपुरका महिलाहरुको समुहलाई कृष्णअष्टमी पुजा कार्यक्रमको लागि आर्थिक सहायता | ५०००।०० |
| १४ | गौरीगंज ४ कदमगाछी नयाबजारमा कृष्णअष्टमी पुजा कार्यक्रमको लागि आर्थिक सहायता | ५०००।०० |
| १५ | गौरीगंज ६ स्थित देवीगंजमा कृष्णअष्टमीको पुजा कार्यक्रमको लागि आर्थिक सहायता | ५०००।०० |
| १६ | वडा नं ४ स्थित बाबाजी जातीको परमपरागत कार्यक्रमका लागि सामाग्री खरिद | ५०००।०० |
| १७ | गौरीगंज ४ मा श्री अनुकुलचन्द्र ठाकुर जीको वार्षिक उत्सव मनाउने कार्यक्रमका लागि सहयोग | ५०००।०० |
| १८ | गौरीगंज ५ जनता चौकको शिव मन्दिरमा कृष्ण जन्माष्टमीमा पुजा पाठ, खेल र किर्तनका लागि आर्थिक सहायता | ५०००।०० |
| १९ | गौरीगंज ५ उत्तर चिलारा वस्ती महाराज थान प्रांगणमा शिवशक्ति कृतन मण्डली युवा क्लबले कृष्ण जन्माष्टमीको उपलक्ष्यमा मेला लगाउनका लागि आर्थिक सहायता | ५०००।०० |
| २० | गौरीगंज ५ दक्षिण चिलारा वस्ती दिनामर्दी मन्दिरको प्रागणमा शिशक्ति कृतन मण्डलीलाइ कृष्ण जन्माष्टमीको उपलक्ष्यमा मेला लगाउनका लागि आर्थिक सहायता | ५०००।०० |
| २१ | गौरीगंज ६ स्थित खजुरगाछी दुर्गा मन्दिर छेउ श्रीकृष्ण मन्दिर पुजा समितिलाइ कृष्ण जन्माष्टमीको कार्यक्रमका लागि आर्थिक सहायता | ५०००।०० |
| २२ | शिवशिष्य परिवार गौरीगंज ६ ले नाग पञ्चमीका दिन परमपज्नीय दिदी निलम आनन्दीको ६६ औं जन्मोत्सबको उपलक्ष्यमा आध्यात्मिक भजन, कृतन शिवगुरु महोत्सव कार्यक्रमका लागि आर्थिक सहायता उपलव्ध गराउने । | ५०००।०० |



Scanned by CamScanner

| | | |
|---|---|---|
| २३ | गौरीगंज ६ स्थित देविगंजमा कृष्ण जन्माष्टमीको पुजा कार्यक्रमका लागि आर्थिक सहायता उपलब्ध गराउने । | ५०००।०० |
| २४ | लाखे जात्राको लागि आर्थिक सहायता उपलब्ध गराउने । | ५०००।०० |

माथि उल्लेखित विविध कार्यक्रम तर्फ विनियोजित गरिएका कार्यक्रमहरुको समापन पछि सम्बन्धित वडा कार्यालयहरुले उक्त कार्यक्रमको उपस्थिति विवरण, कार्यक्रमको फोटो, निकासा माग गरेको निर्णय साथै वडा कार्यालयको सिफारिस समेत पेश गर्नुपर्नेछ ।

प्रस्ताव नं. ४ : **शिक्षा तथा बाल दिवस कार्यक्रम सम्बन्धमा ।**

निर्णय : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले च.नं. ५६ मिति २०७५।४।३१ मा राष्ट्रिय शिक्षा दिवस तथा अन्तराष्ट्रिय साक्षरता दिवस, २०७५ र सोही मन्त्रालयको च.नं. ५२ मिति २०७५।४।३१ मा राष्ट्रिय बाल दिवस २०७५ मनाउने भनि यस गाउँपालिकालाई पत्राचार भएको छ । तत् सम्बन्धमा यस गाउँपालिकाले राष्ट्रिय शिक्षा दिवस तथा अन्तराष्ट्रिय साक्षरता दिवस, २०७५ यहि मिति २०७५ भाद्र २२ गते र राष्ट्रिय बाल दिवस २०७५ मिति २०७५ भाद्र २९ गते भव्य रुपमा मनाउनका लागि यस गाउँपालिकाको शिक्षा समितिको निर्णयलाई अनुमोदन गर्ने साथै यस गाउंपालिकाको गाउँसभाले बालबालिका लक्षित कार्यक्रम अर्न्तगत नृत्य तथा हाजिरीजवाफ प्रतियोगिता संचालनका लागि रु. १,५०,०००।०० विनियोजन गरेको र उक्त शिर्षकमा विनियोजित रकमबाट नै उक्त दुवै दिवसमा विभिन्न प्रतियोगितात्मक कार्यक्रम संचालन गरी मनाउने भनि सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : सामुदायिक विद्यालयको लेखापरीक्षण सम्बन्धमा ।**

निर्णय: यस गाउँपालिका भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुको आ.ब. २०७४/०७५ को लेखापरीक्षण गर्नुपर्ने र विगतमा जिल्ला शिक्षा कार्यालयबाट लेखापरीक्षक नियुक्ति हुदै आएकोमा हाल उक्त कार्य स्थानीयतहबाट नै गर्नुपर्ने भएकोले नेपाल चाटर्ड एकाउन्टेन्टस् संस्थामा सुचिकृत लेखापरीक्षकहरुलाई यस गाउँपालिकाभित्रका विद्यालयहरुको अन्तिम लेखापरीक्षणका लागि आबद्धताका लागि सूचना आव्हान गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : वडास्तरमा मेलमिलाप समिति गठन सम्बन्धमा ।**

निर्णय: यस गाउँपालिकाको न्यायिक समितिबाट विभिन्न वडा र विषयहरुको विवादहरुको विषयमा छलफल गरी मेलमिलाप गर्दै आईरहेकोमा उक्त समितिले मात्र कार्यसंचालन गर्दा कामको चापमा वृद्धि भएकोले उक्त चापलाई न्यून गर्नका लागि प्रत्येक वडा कार्यालयहरुमा मेलमिलाप समिति गठन गर्ने समिति गठनका लागि सम्बन्धित वडाका वडाअध्यक्षसंग समन्वय गरी भेला गराउने मिति तय गर्ने साथै मेलमिलाप सम्बन्धी ऐन, २०६८ र मेलमिलाप सम्बन्धी नियमावली, २०७० बमोजिम मेलमिलापकर्ता सूचीकृत गर्नका लागि सूचना समेत प्रकाशन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।



Scanned by CamScanner

**प्रस्ताव नं. ७ : बहालबिटौरी कर सम्बन्धमा ।**

निर्णय: यस गाउँपालिकाले आय ठेक्काको दुई पटक सूचना प्रकाशन गर्दा समेत बाहालबिटौरी करको कुनै पनि प्रस्ताव पेश भएको छैन । दुईपटक सुचना प्रकाशन गर्दा समेत प्रस्ताव नआएको तर उक्त हाट बजारको बहाल बिटौरी कर आ.व. २०७५/०७६ को लागि गौरीगंज गा.पा. वडा नं. ६ बस्ने वरुण सिजापतिले रु. ५१,०००।०० र गौरीगंज गा.पा. वडा नं. ५ बस्ने बरतलाल राजवंशीले रु. ५५,६११।०० को प्रस्ताव पेश भएकोमा उक्त दुई प्रस्तावहरु मध्ये आ.व. २०७५/०७६ को लागि गौरीगंज गाउँपालिका क्षेत्र भित्र पर्ने खजुरगाछी र गौरीगंजको हाटबजारको बहाल बिटौरी कर (साविकको दररेटमा) का लागि बढी रकम प्रस्ताव गर्ने श्री बरतलाल राजवंशीलाई जिम्मा दिई सम्झौता गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : नयाँ शहर परियोजनाको कार्यालय स्थापना सम्बन्धमा ।**

निर्णय : यस गाउँपालिका नयाँ शहर परियोजनामा छनौट भई विगत वर्ष देखि नै विभिन्न कार्यक्रमहरु संचालन हुदै आएको छ । उक्त परियोजनाको कार्यहरु यस गाउँपालिकामा कार्यालय स्थापना नभएको कारण सम्बन्धित प्राविधिकहरुसंग आवश्यकता अनुसार समन्वय नभएको र कार्यक्रमहरु पनि प्रभावकारी रुपमा संचालन हुन नसकेको व्यहोरा विदितै छ । त्यस कारण परियोजनाको प्रभावकारी कार्य संचालनका लागि नयाँ शहर परियोजनाको कार्यालय स्थापना गर्न अत्यावश्यक भएकोले का कार्यालय स्थापनाका लागि नयाँ शहर परियोजना समन्वय कार्यालय, काठमाण्डौलाई अनुरोध गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : नयाँ शहर परियोजना अर्न्तगतको कार्यक्रम सम्बन्धमा ।**

निर्णय : यस गाउँपालिकामा नयाँ शहर परियोजना अर्न्तगत गत आ.व. २०७४/०७५ मा विभिन्न योजनाहरुको विस्तृत सर्भे तथा पूर्वाधार विकास निर्माणका लागि प्रस्ताव गरिएका कार्यक्रम तथा योजनाहरु हालसम्म संचालन नआएको हुँदा गत आ.व. मा प्राथमिककरणमा परेका योजनाहरुमा आवश्यक बजेट व्यवस्था सहित कार्यान्वयन गर्नका लागि शहरी विकास डिभिजन कार्यालय, ईलाम तथा नयाँ शहर परियोजना समन्वय कार्यालयलाई अनुरोध गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० : भाटे पुल निर्माण सम्बन्धमा ।**

निर्णय : यस गाउँपालिकाको वडा नं. ४ स्थित बारसुदीको गेउरिया खोलामा बिगतमा बनेको बाँसको पुल बाढी भत्काई लगेको र उक्त स्थानमा पुल नभएको कारण स्थायी बासी तथा खजुरगाछी मा.वि.मा अध्ययन गर्न जाने विद्यार्थीहरुलाइ समेत आवतजावत गर्न समस्या भएकोले उक्त स्थानमा बाँसको पुल निर्माणका लागि मर्मत कोषबाट खर्च गर्ने गरी रु. १२,५००।०० विनियोजन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।



Scanned by CamScanner